# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३३० | काठमाडौं | शुक्रबार, १७ चैत २०७९ | Prabhab National Daily | Friday, March 31 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# आजदेखि एसइई परीक्षा

- चार लाख ८४ हजार २२७ विद्यार्थी सहभागी हुँदै
- ५० जना दृष्टिविहीन पनि परीक्षामा सहभागी
- तस्बिर लिन निषेध
- देशभर ७८ हजार जनशक्ति परिचालन
- जापानमा पनि परीक्षा केन्द्र

■ **प्रभाव संवाददाता**

**भक्तपुर–** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आज सुरु हुँदै छ । आज बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु हुने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

'परीक्षाको सबै तयारी पूरा भइसकेको छ, ७७ वटै जिल्लाका सबै जिम्मेवार निकायसँग अनलाइनमार्फत बैठक सम्पन्न भएको छ,' उनले भने, 'परीक्षा शान्तिपूर्ण, मर्यादित र व्यवस्थितरूपमा सम्पन्न गराउन सबैमा आह्वान गर्दछौं ।'

उनले सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ति, सुरक्षा व्यवस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तरपुस्तिका पुऱ्याउनेलगायतका सबै काम सकिएको जानकारी दिए ।

एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको आयोजनामा सात प्रदेशका प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रालयका सचिवहरु, सातै प्रदेशका शिक्षा विकास निर्देशनालयका निर्देशकहरु, ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइका प्रमुखहरु, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश र शाखा कार्यालयका प्रमुखहरु, बोर्डका अध्यक्ष, सदस्यसचिव, परीक्षा नियन्त्रण, उपनियन्त्रक कर्मचारीलगायतको 'भर्चुअल' बैठक सम्पन्न भएको बताए ।

उनले प्रत्येक प्रदेशमा प्रदेशसचिवको अध्यक्षतामा गठन भएका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले बोर्डको निर्देशनको परिधिभित्र रहेर प्रदेशभित्रका परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्ने बताए ।

त्यस्तै प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी प्रमुख, शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख सदस्यसचिव, जिल्लाका सुरक्षा निकायका प्रमुखहरुलगायत रहनेगरी गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिले परीक्षा केन्द्रमा केन्द्राध्यक्ष नियुक्ति, सरोकारवालालाई प्रशिक्षण गर्ने, प्रश्नपत्र प्रहरी निकायसम्म पुऱ्याउने, उत्तरपुस्तिका परीक्षा केन्द्रसम्म पुऱ्याउने र आवश्यक समन्वय गर्ने कामसमेत पूरा भएको उनको भनाइ छ ।


### करिब पाँच लाख परीक्षार्थी

यस वर्षको एसइई परीक्षामा करिब पाँच लाख विद्यार्थी सहभागी हुँदै छन् । २०७८ मा कक्षा नौमा रजिस्ट्रेसन भर्ने विद्यार्थी पाँच लाख १६ हजार ५९१ जना रहे पनि कक्षा १० सम्म आइपुग्दा भने परीक्षाका लागि आवेदन दिनेमा कूल चार लाख ८४ हजार २२७ जनाले फाराम भरेका थिए । परीक्षा नियन्त्रक श्रेष्ठका अनुसार कक्षा नौबाट १० मा आउँदा ३२ हजार ३६४ विद्यार्थी घटेको जानकारी दिए ।

परीक्षामा सबैभन्दा धेरै बागमती प्रदेशमा एक लाख छ हजार ९५९ विद्यार्थी र सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार ३२९ परीक्षार्थी सहभागी हुँदै छन् । प्राविधिक धारतर्फ करिब १५ हजार विद्यार्थी परीक्षामा सहभागी हुने छन् । परीक्षामा संस्कृत विषय पढाइ हुने ६५ विद्यालयका दुई हजार ९८२ विद्यार्थी र ५० जना दृष्टिविहीन परीक्षामा सहभागी हुँदै छन् ।

यस वर्ष सात हजार २०० सामुदायिक र चार हजार ५६४ संस्थागत गरी ११ हजार ८२९ विद्यालय एसइईमा सहभागी हुँदै छन् । परीक्षाका लागि देशका ७७ जिल्लामा दुई हजार ३६ परीक्षा केन्द्र र जापानमा एक गरी कूल दुई हजार ३७ वटा परीक्षा केन्द्र निर्धारण गरिएको उनले जानकारी दिए । (**बाँकी पृष्ठ २ मा**)

# मन्त्रीमण्डलमा थपिँदै दाहालका सारथी



**कांग्रेस**
पूर्णबहादुर खड्का र रमेश रिजाल (रक्षा र परराष्ट्रमध्ये एक), धनराज गुरुङ (सामान्य प्रशासन), डा. प्रकाशशरण महत (अर्थ), डिकबहादुर लिम्बू (कानुन), एनपी साउद (सहरी) सीता गुरुङ (भूमि व्यवस्था), मोहन बस्नेत (स्वास्थ्य)

**माओवादी**
नारायणकाजी श्रेष्ठ (गृह), रेखा शर्मा (सञ्चार), सुदन किराती (संस्कृति), अमनलाल मोदी (ऊर्जा) र महिला (?)

**जसपा**
मन्त्रीको नाम टुंगिन बाँकी

**नेकपा एस**
डा. बेदुराम भुसाल (वन) र प्रकाश ज्वाला (भौतिक)

**जनमत**
अब्दुल खान (उद्योग)

**लोसपा**
शरदसिंह भण्डारी (श्रम)

**नाउपा**
रञ्जिता श्रेष्ठ चौधरी (युवा तथा खेलकुद)

**नेसपा**
महेन्द्रराय यादव (खानेपानी)

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले साढे तीन महिना नहुँदै तेस्रोपटक मन्त्रिपरिषद् विस्तार गर्दै छन् । आज मन्त्रिपरिषद् विस्तारका लागि तयारी गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । मन्त्रिपरिषद्मा गठबन्धनका आठ दल समेटिने छन् ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलका अनुसार दिउँसो ३ बजे मन्त्रीहरूलाई शपथ ग्रहण गराउने कार्यक्रमसमेत तय भएको छ । १६ वटा मन्त्रालयको बागडोर सम्हाल्नुपर्ने दायित्वबाट मन्त्रिपरिषद् विस्तारसँगै प्रधानमन्त्री दाहाल मुक्त पनि हुने छन् । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनपछि बनेको नयाँ गठबन्धनका दलहरू समेटिएर विस्तार गर्न लागेको भने यो नै पहिलो हो ।

मन्त्रिपरिषद्मा नेपाली कांग्रेसले आठ जनालाई पठाउँदै छ । पहिले मन्त्री भएका र नभएका नेताहरूलाई दाहाल नेतृत्वको सरकारमा पठाउन लागिएको सहमहामन्त्री भीष्मराज आङ्देम्बेले बताए । उनका अनुसार बिहीबार बसेको कार्यसम्पादन समिति बैठकले उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा कांग्रेस सहभागी हुने निर्णय गरेको छ । खड्काले उपप्रधानसहित रक्षा वा परराष्ट्र मन्त्रालयको जिम्मेवारी सम्हाल्ने भएका छन् ।

पार्टीका अर्का उपसभापति धनराज गुरुङ संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री, प्रवक्ता डा. प्रकाशशरण महत अर्थमन्त्री, डिकबहादुर लिम्बु कानुन, न्याय तथा संसदीय मामिला र सीता गुरुङ भूमि व्यवस्थामन्त्री हुने टुंगो लागेको छ । सांसदहरू एनपी साउद सहरी विकासमन्त्री, मोहनबहादुर बस्नेत स्वास्थ्य तथा जनसंख्यामन्त्री र रमेश रिजाल परराष्ट्र र रक्षामध्ये एक मन्त्रालयको मन्त्री बन्ने निश्चितजस्तै भएको सहमहामन्त्री आङ्देम्बेले बताए । (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# व्यक्तिगत श्रम स्वीकृतिको आवेदन अब स्थानीय तहबाटै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जान व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको आवेदन अब स्थानीय तहबाटै दिन पाइने भएको छ । सरकारले आगामी वैशाख १ गतेदेखि ७५३ वटै स्थानीय तहबाट व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको आवेदन लिने व्यवस्था गर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीसमेत सम्हालिरहेका प्रधानमन्त्री पुष्पकमल दाहालले बिहीबार उक्त व्यवस्था लागू गर्ने निर्णय गरेका हुन् ।

> वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, पारदर्शी तथा सहज बनाउन स्थानीय तहमार्फत व्यक्तिगत र पुनः श्रम स्वीकृतिको आवेदन लिने व्यवस्था गर्न लागिएको श्रम मन्त्रालयको भनाइ ।

वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, पारदर्शी तथा सहज बनाउन स्थानीय तहमार्फत व्यक्तिगत र पुनः श्रम स्वीकृतिको आवेदन लिने व्यवस्था गर्न लागिएको मन्त्रालयले जनाएको छ । जनताको नजिकको सरकार स्थानीय तहमार्फत सेवा प्रवाह प्रभावकारी हुने भन्दै सरकारले सोहीअनुरूप व्यवस्था गर्ने निर्णय गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । उनका अनुसार रोजगारीका लागि विदेश जाने नेपालीहरुले स्थानीय तहबाट श्रम स्वीकृति नभई आवेदनमात्रै दिन सक्ने छन् । 'सेवालाई विकेन्द्रित गर्ने र स्थानीय डेस्कबाटै वैदेशिक रोजगारसम्बन्धी जानकारी पनि उपलब्ध गराउन सकियोस् भन्ने सरकारको अभिप्राय हो,' प्रवक्ता घिमिरेले भने ।

मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गर्दै अब स्थानीय तहबाटै वैदेशिक रोजगारसम्बन्धी सूचना सरोकारवालामा पुऱ्याउने र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्न सकिने जानकारी गराएको छ । त्यसका लागि ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत आवेदन लिनेगरी वैशाख १ गतेदेखि सेवा सञ्चालन हुने उल्लेख गरिएको छ । यस अगावै रोजगार सेवा केन्द्रका कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्य सञ्चालन गर्ने मन्त्रालयले जनाएको छ ।

सरकारले यसअघि नै श्रम स्वीकृतिसम्बन्धी सम्पूर्ण कार्य सञ्चालनका लागि सातवटै प्रदेशमा रहेका श्रम कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गरिसकेको छ । यसरी स्थानीय तहबाट व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिका लागि आएका आवेदनहरुलाई अनलाइन प्रणालीमार्फत नै सम्बन्धित कार्यालयले स्वीकृति दिने व्यवस्था मिलाइने मन्त्रालयले जनाएको छ । यद्यपि, संस्थागतरूपमा अर्थात् म्यानपावरमार्फत हुने श्रम स्वीकृतिको आवेदनसम्बन्धी सेवा यथावत रहेको पनि मन्त्रालयले उल्लेख गरेको छ ।

# राहदानी विभागको टोली पोर्चुगलमा

**काठमाडौं (प्रस)–** युरोपेली मुलुक पोर्चुगलमा रहेका नेपालीहरुलाई राहदानी सेवा प्रदान गर्नका लागि राहदानी विभागको टोली पोर्चुगल पुगेको छ । विद्युतीय राहदानीका लागि दरखास्त संकलन गर्न विभागकी शाखा अधिकृत रञ्जिता दाहाल नेतृत्वको टोली बुधबार पोर्चुगलको राजधानी लिस्बन पुगेको हो ।

राहदानी सेवा प्रवाहका लागि गएको टोलीलाई गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष रविन अधिकारी, महासचिव राजकुमार थापा, अवैतनिक नेपाली महावाणिज्यदूतावासका प्रतिनिधि छविलाल बगाले, नेपाली महिला समाज पोर्चुगलकी अध्यक्ष माया खरेललगायतले लिस्बनस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए ।

यसैबीच टोलीअन्तर्गतको नेपाली दूतावास पेरिस, फ्रान्सका प्रतिनिधिले बुधबारबाटै राहदानी सेवा दिन सुरु गरेको जनाएको छ । लिस्बनस्थित अवैतनिक नेपाली महावाणिज्यदूतावासको समन्वय र सहजीकरणमा दूतावासको टोलीले लिस्बनको आन्जुसबाट राहदानी सेवा सुरु गरेको बताइन्छ । बुधबार पहिलो दिन राहदानीको म्याद सकिसकेका, क्षति भएका र राहदानी नै नभएका गरी १७ जनाको दरखास्त संकलन गरिएको टोलीका सदस्य एवं नेपाली दूतावास पेरिस, फ्रान्सका तृतीय सचिव दीपेन्द्रप्रसाद साहले जानकारी दिए ।

टोलीले राहदानीको म्याद सकिएको, क्षति भएको, हराएको, नष्ट भएको र पोर्चुगलमा जन्मेका नाबालिकका लागि प्राथमिकताका आधारमा सेवा प्रवाह गर्ने पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले जानकारी दिए । उनले पोर्चुगलमा रहेका नेपालीहरुले राहदानी सेवाका लागि लामो समयदेखि माग गर्दै आएको बताए । उनका अनुसार झण्डै एक महिनासम्म सञ्चालन हुने राहदानी सेवा शिविरबाट पाँच हजारभन्दा बढी नेपालीले सेवा लिने अनुमान गरिएको छ । टोलीले आगामी अप्रिल २५ सम्म शनिबारबाहेक हरेक दिन राहदानीसहितका सेवा प्रवाह गर्ने बताइएको छ ।




## मन्त्रीमण्डलमा...

पृष्ठ १ बाट जारी

'ज-जसको नाम अहिले मन्त्रीको रूपमा चर्चामा छ । उहाँहरू नै मन्त्री हुने हो,' उनले प्रभावसँग भने, 'कार्यसम्पादन समिति बैठकबाट टुंगो लागेका नामहरू हो ।' उपसभापति गुरुङ, लिम्बू र रिजाल पहिलोपटक मन्त्री हुन लागेका हुन् ।

खड्का, महत, बस्नेत र साउद पटक-पटक मन्त्री भइसकेका छन् । सांसद गुरुङ यसअघि नै राज्यमन्त्री भइसकेकी छन् । उनी कांग्रेसबाट प्रत्यक्ष निर्वाचित एक्ली महिला सांसद पनि हुन् । कांग्रेसबाट मन्त्री बन्नेहरुमध्ये गुरुङ र लिम्बू मात्रै संस्थापनइतर समूहका हुन् ।

मन्त्रिपरिषद् विस्तार हुँदा भने प्रधानमन्त्री दाहालको दल माओवादीका केही मन्त्रीहरूको मन्त्रालय भने हेरफेर हुने भएको छ । उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्रालयको नेतृत्व गरेका नारायणकाजी श्रेष्ठ गृह मन्त्रालयको जिम्मेवारीमा हुने छन् । श्रेष्ठले ११ पुसमै उपप्रधानसहित गृहमन्त्री हुन चाहेका थिए । तर, यो मन्त्रालय भागबण्डा गर्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई पर्‍यो । श्रेष्ठ त्यसबेला रुष्ट भए । पछि उनले उपप्रधानमन्त्रीहरूको वरीयतालाई लिएर पनि असन्तुष्टि जनाए । उनै श्रेष्ठले तीन महिनापछि गृह मन्त्रालय पाउने भएको हो ।

यसअघि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्हालेका अमनलाल मोदी पनि ऊर्जामन्त्री बन्ने भएका छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको भने मन्त्रालय हेरफेर नहुने भएको हो । माओवादीले महिला, बालिकामन्त्री कसलाई बनाउँछ भन्ने चाहिँ निर्क्योल भएको छैन ।

जनता समाजवादी पार्टी (जसपा)बाट एक जना अध्यक्ष अशोककुमार राई मन्त्री हुने सम्भावना बढी छ । अर्को एक मन्त्री भने मधेसको भूगोलबाट हुने चर्चा छ । जसपाको भागमा शिक्षा र कृषि मन्त्रालय परेको छ ।

नेकपा एकीकृत समाजवादीले पार्टी उपाध्यक्ष डा. बेदुराम भुसाल र उपमहासचिव प्रकाश ज्वालालाई मन्त्री बनाउने बुधबार नै निर्णय गरेको हो । ज्वाला भौतिक पूर्वाधार तथा यातायातमन्त्री हुने निश्चित भएको छ । पहिलोपटक मन्त्री बन्न लागेका भुसाल भने वनमन्त्री हुने भएका छन् ।

जनमत पार्टीबाट मोहम्मद अब्दुल खानको मन्त्रालय हेरफेर हुने भएको छ । खानेपानीमन्त्री भएका उनी अब उद्योगमन्त्री हुने भएका छन् । उनले यसअघि यही मन्त्रालय चाहेका थिए । एक जना राज्यमन्त्री भने कसलाई बनाउँछ ? निश्चित छैन ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले भने यसअघि १५ पटक मन्त्री भएका शरदसिंह भण्डारीलाई मन्त्री बनाउँदै छ । उनी श्रममन्त्री बन्ने छन् । नागरिक उन्मुक्तिबाट अध्यक्ष रञ्जिता श्रेष्ठ युवा तथा खेलकुदमन्त्री बन्ने तयारीमा छिन् । श्रेष्ठ भने पहिलोपटक मन्त्री बन्न लागेकी हुन् ।

नेपाल समाजवादी पार्टीका महेन्द्र राय यादव खानेपानी मन्त्री हुने भएका छन् । उनी यसअघि पनि पटक-पटक मन्त्री भइसकेका नेता हुन् । समान एक/एक जना सांसद भएका गठबन्धनको दुई दल राष्ट्रिय जनमोर्चा र आम जनता पार्टी (आजपा)ले भने सरकारमा सहभागी हुने मौका नपाउने भएका छन् । यसअघि आजपाले एक मन्त्रालय पाउने चर्चा थियो । पाउँदा उक्त दलबाट प्रभु साह मन्त्री हुन्थे । तर, उनले मन्त्रालय पाएनन् । स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंह पनि मन्त्री हुने चर्चा थियो । उनले पनि मन्त्री हुने अवसर नपाउने भएको छ ।

## आजदेखि एसइई...

पृष्ठ १ बाट जारी

त्यस्तै बागमती प्रदेशमा सबैभन्दा बढी ४३४ परीक्षा केन्द्र र कर्णाली प्रदेशमा सबैभन्दा कम १७९ परीक्षा केन्द्र कायम गरिएको छ । कोशी प्रदेशमा ३७८, मधेस प्रदेशमा २७९, गण्डकी प्रदेशमा २२३, लुम्बिनी प्रदेशमा ३३४ र सुदूरपश्चिम प्रदेशमा २०९ परीक्षा केन्द्र निर्धारण गरिएको छ । एसइईमा अघिल्लो वर्ष देशभरबाट पाँच लाख १८ हजार १८५ विद्यार्थीले आवेदन दिए पनि परीक्षामा चार लाख ९५ हजार ६४८ जना परीक्षामा सहभागी भएका थिए ।

### तस्बिर लिन निषेध

परीक्षा नियन्त्रक श्रेष्ठले विद्यार्थीलाई कुनै डरत्रास नलिई ढुक्क भएर परीक्षा दिन आग्रह गरेका छन् । परीक्षा केन्द्रमा परीक्षामा लैजान नहुने कुनै पनि वस्तु लगेको पाइएमा र जबरजस्ती गर्न खोजेमा वा केन्द्रमा खटिएका कर्मचारीबाट कुनै गलत गतिविधि भएमा प्रचलित कानुनअनुसार कारबाही हुने उनले बताए ।

परीक्षा केन्द्रमा अत्यन्तै सीमित, आवश्यक र तोकिएका व्यक्ति परीक्षा समितिको अनुमति लिएर मात्रै अनुगमन गर्न पाइने भएको छ । परीक्षा हलभित्र कुनै पनि तस्बिर लिन नपाइने भएको छ । यसपटक सञ्चारकर्मीलाई पनि परीक्षा केन्द्रका बाहिरको गतिविधिहरुको तस्बिर लिन पाइने तर परीक्षा सुरु भएपछि परीक्षा हलभित्र गएर तस्बिर लिन नपाइने व्यवस्था गरेको परीक्षा नियन्त्रक श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'अनुगमन तथा तस्बिर लिने नाममा परीक्षा हलभित्र मानिस पस्दा विद्यार्थीको मनोबल गिर्छ, परीक्षार्थीलाई अवरोध हुने गरी तस्बिर लिँदा, विद्यार्थी टोलाउने, को आयो भनेर हेर्दा लेखिरहेको उत्तर पनि बिग्रने सम्भावना र गुनासा आएकाले यस वर्ष परीक्षा हलभित्र तस्बिर दिन नपाइने व्यवस्था गरेका छौं ।'

विद्यार्थीका लागि एक मिनेट, एक सकेण्डको पनि महत्त्व हुने भएकाले परीक्षा हलभित्र तोकिएको व्यक्ति र परीक्षा समिति तथा सम्बन्धित निकायको व्यक्तिबाहेक पसेर अन्यलाई अनुगमन तथा तस्बिर लिने नाममा जथाभावी परीक्षा हलमा नपठाइने भएको हो ।

### ७८ हजार जनशक्ति

एसइई परीक्षाका लागि देशभरका परीक्षा केन्द्रमा ७८ हजार जनशक्ति परिचालन हुने भएका छन् । प्रत्येक परीक्षा केन्द्रमा परीक्षा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक, सुरक्षाकर्मी, कर्मचारी, सहयोगी गरी करिब ७८ हजार जनशक्ति परिचालन हुने नियन्त्रक श्रेष्ठले जानकारी दिए ।

परीक्षाका लागि आवश्यक प्रश्नपत्र र उत्तर पुस्तिका जनक शिक्षा सामग्री केन्द्रमा छपाई सकेर जिल्ला जिल्लामा पुर्‍याइसकिएको छ । यस वर्षको परीक्षामा ५० लाख सेट प्रश्नपत्र छपाइ गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डले प्रदेशगत रूपमा फरक-फरक सेट प्रश्नपत्र छपाइ गरी सोहीअनुसार ढुवानी गरिएको हो । विद्यार्थीको अनुपातमा करिब १० प्रतिशत बढी प्रश्नपत्र छपाइ भएको जनक शिक्षाले जनाएको छ ।

### जापानमा पनि परीक्षा केन्द्र

बोर्डले यस वर्ष जापानमा पनि एसइई परीक्षा केन्द्र कायम गरेको छ । नेपालबाट रोजगारीका सिलसिलामा जापान पुगेका नेपालीका १४ जना सन्तानले जापानबाटै परीक्षा दिने भएका हुन् । जापान सरकारको अनुमतिमा नेपाली पाठ्यक्रममा अध्यापन हुने टोकियोको एक शैक्षिक संस्थाबाट जापानमा रहेका नेपाली एसइई परीक्षामा सहभागी हुने परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको हो ।

त्यसका लागि बोर्डले जापानमा एक परीक्षा केन्द्र निर्धारण गरेको छ । जापानमा रहेका परीक्षार्थीका लागि बोर्डले आवश्यक उत्तर पुस्तिका जापान पठाइसकेको र प्रश्नपत्र भने परीक्षा सुरु हुनु केही समय अगाडि इमेलमार्फत पठाउने भएको छ । आदेखि सुरु हुने परीक्षा चैत २९ गतेसम्म सञ्चालन हुनेछ । परीक्षा बिहान ८ बजे सुरु भएर ११ बजेसम्म हुनेछ ।

---

नेपाल सरकार
**भूमिव्यवस्था, सहकारी तथा गरिबि निवारण मन्त्रालय**
**भूमिव्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय सिन्धुलीबाट**

### जारीभएको हकदावी सम्बन्धी सार्वजनिक सूचना

जिल्ला मकवानपुर साविक राइगाउँ गा.वि.स.वडानं.१ हाल बागमती गाउँपालिका वडानं.१ भैंसे बस्ने काजिमान वाइबाले मेरो बाबु बाबुलाल वाइबाको मिति २०७३।०९।१२ मा मृत्यु भएको मृतकको एकमात्र पत्नी मेरो आमा ढल्कीमाया वाइबाको मिति २०७९।०४।१९ मा मृत्यु भएको मृतकहरुको शेषपछिको हकदार एकमात्र छोरा म निवेदक भएको मृतक वावुको मृत्यु दर्ताको प्रमाण पत्रमा नाम बाबुलाल वाइबा बाबुको नाम जसबहादुर वाइबा र बाजेको नाम बलिमान वाइबा भएको र निजको नाममा दर्ता भएको तपसिलमा उल्लेख भएको जग्गाको जग्गाधनि श्रेस्ता पुर्जामा जग्गाधनिको नाम चमारसिं वाइबा बाबुको नाम गोरख र बाजेको नाम पलिमान भइ नाम फरक परेकोमा मृत्यु दर्ता र जग्गाधनि श्रेस्ता पुर्जामा उल्लेख भएको व्यक्ति फरक नभइ एकै व्यक्ति भएकोले मृतकको नाममा दर्ता भएको माथि उल्लेखित जग्गा मेरो एकलौटी नाममा नामसारी गरिपाउँ भनि यस कार्यालयमा दिएको द.नं.३०१९ मिति २०७९।१२।०९ को निवेदन सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निवेदकको माग वमोजिम नामसारी हुनु नपर्ने कुनै कारण वा उक्त जग्गामा अरु कसैको हकदावी भए यो सूचना प्रकासित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित दावि गर्न आउनुहोला अन्यथा नियमानुसार भै जाने छ पछि कुनै किसिमको उजुर लाग्ने छैन ।

**तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नामथर |
|---|---|---|---|---|
| महेन्द्रझ्याडी | ९ञ | २ | १-१९-०-१ | ज.ध.चमारसिं वाइवा बाबु गोरख बाजे पलिमान |

---

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१२/१७

यस कम्पनीको मिति २०७९/०४/१० मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ओम बज्रगुरु बिल्डर्स प्रा.लि. (प्रा.लि. नं. २३९२६४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **खुसी ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१२/१७

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फस्ट स्टेप इन्टरनेशनल ल्याङ्गवेज एण्ड एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ३००७४४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फस्ट स्टेप एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१२/१७

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हुनैनाथ बाल विद्यालय प्रा.लि. (प्रा.लि. नं. २२९५१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गुरुकुल ईन्टरनेशनल स्कुल कञ्चनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१२/१७

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निप्पोन पर्सा एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १९०७६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रियलवे एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/१२/१७

यस कम्पनीको मिति २०७९/१२/०९ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेपाल भेटेरीनरी मेडीसिन डिष्ट्रिब्यूटर्स प्रा.लि. (प्रा.लि. नं. १४११७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **नेपाल भेटनरी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

# मौलापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**पतौरा, रौतहट**
**मधेस प्रदेश, नेपाल**

पत्र संख्याः २०७९/०८० मितिः२०७९।१२।१७
चलानी नं. :

### बोलपत्र स्वीकृतको आशयको सूचना

**प्रकाशित २०७९/१२/१७**

यस मौलापुर नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७९/१०/१९ र २०७९/१०/२४ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-bidding तथा Hand Copy मार्फत प्राप्त बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने **आशयको सूचना** प्रकाशित गरिएको छ ।

| सूचना नं. | निर्माण कार्यको विवरण | छनौट भएका बोलपत्र | कबोल अंक |
|---|---|---|---|
| Contract Identification No: NCB/Works/2079/80/01 | *Construction of Primary Health Centre* | Anil Nirman Sewa, Maulapur-5, | **17236541.37** (मु.अ.क.बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**हिलिहाङ गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
**पञ्चमी पाँचथर, कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी ७ (सात) दिने सूचना

**ठेक्का नं.: HRM/WORKS/02/79/80**
**सुचना प्रकाशित मिति : २०७९/१२/१७ (31-03-2023)**

मिति २०७९/०८/०१ गतेको रास्ट्रीय दैनिक पत्रिकामा प्रकाशित यस कार्यालयको बोलपत्र आह्वानको सुचना अनुसार विधुतीय माध्यमबाट उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राबिधिक मूल्यांकनमा सफल भएका तपसिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/१२/२४ गतेका दिन बिहान १०:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा सार्बजनिक खरिद ऐन,२०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिमको प्रयोजनार्थ सम्बन्धित व्यवसायीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | प्राबिधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| HRM/WORKS/ NCB/02/79/80 | Hilihang gate dekhi Hilihang durbar samma kalopatra sadak | Baudha Niraman Sewa |
| | | Pokhara construction Pvt.Ltd |
| | | ROLPA-MD BRO-SUBHA LAKSHYA J.V. |
| | | M/S Sanjeev/Nagi J.V |
| | | Upadhya-Rohan JV |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

---

# तादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**खरानीटार,नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

### कफी प्रशोधनको लागि प्रयोगशाला निर्माण कार्यक्रमको लागि अनुदान प्रस्ताव आह्वान सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/१२/१७)**

तादी गाउँपालिकाको आ.व.०७९/०८० मा नेपाल सरकारको संघीय शसर्त अनुदान अर्न्तगत बजेट शिर्षक नम्बर ३११२२ **"कफी प्रशोधनको लागि प्रयोगशाला निर्माण"** अर्न्तगत कफी उत्पादन तथा प्रशोधनको लागि फार्म स्थापना, कफी विस्तार कार्यक्रम अन्तर्गत प्लान्ट प्रशोधनको मेशिनरी औजार स्थापना, कफी पल्पर मेशिन, कफी कारखाना र ठुलोस्तरको अर्थडेक्स कफी कारखानाका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराउने सम्बन्धमा प्रस्ताव आह्वान गरिएको छ । यस बमोजिमका कागजातहरु संलग्न गरी ३० दिनभित्र तादी गाउँपालिकाको कार्यालय, खरानीटार नुवाकोटमा राष्ट्रिय चिया कफी विकास बोर्डबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ (पहिलो संशोधन २०७५) मा व्यवस्था भए बमोजिमको प्रक्रिया अनुसार निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरू**

१. अनुसूचि २ अनुसारको निवेदन, अनुसूचि ३ बमोजिमको प्रस्तावना
२. गाउँपालिकामा नवीकरणसहित संस्था दर्ता गरेको प्रमाणपत्र
३. स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि
४. व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारिस
६. अघिल्लो वर्षको लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि
७. संस्थाको प्रमुख व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
८. सञ्चालन समितिको निर्णयको प्रतिलिपि

**अनुदान उपलब्ध गराइने आधारहरू**

१. नमुना कफी बगैंचा स्थापनाका लागि न्युनतम २०० रोपनी जमिनमा कफी खेती गरेको हुनुपर्नेछ ।
२. अर्गानिक कफी खेतीका लागि आवश्यक प्राङ्गारिक मल उत्पादन गर्न पशुपालन गरेको हुनुपर्नेछ ।
३. बार्षिक २० मे.टन फ्रेस चेरी उत्पादन/संकलन भएको हुनुपर्ने र गाउँपालिकामा विवरण बुझाइएको हुनुपर्नेछ ।
४. कफी खेती गरिएको स्थानसम्म मोटरबाटो जोडिएको हुनुपर्ने साथै कम्तिमा थ्रिफेज बिद्युत लाइन पुगेको हुनुपर्नेछ ।
५. कर्मचारीलाई दिएको नियुक्ति पत्र प्रतिलिपी अनिवार्य पेश गर्नुपर्ने साथै जीवन बिमा प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
६. नेपाल सरकारको श्रम नियमअनुसार कर्मचारीहरुलाई सेवा सुविधा प्रदान गरिएको हुनुपर्नेछ ।
७. सिँचाइको राम्रो व्यवस्था भएको साथै अर्गानिक सर्टिफिकेट प्राप्त गरेको फर्म हुनुपर्नेछ ।
८. कम्तिमा १५ जना स्थानीयलाई रोजगार दिएको हुनुपर्नेछ ।
९. राष्ट्रिय चिया तथा कफी बोर्डको सदस्यता लिएको हुनुपर्नेछ ।
१०. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा कफी प्रशोधन गरी बिक्री वितरण गरिरहेको हुनुपर्नेछ ।
११. कफी सम्बन्धी जिज्ञासा राख्ने कृषकहरुको प्रेरणा जागरण गराउन सक्ने वातावरण भएको हुनुपर्नेछ ।
१२. ८०० मिटर भन्दा माथी उचाइको स्थानमा कफी रोपण गरिएको हुनुपर्नेछ ।
१३. सोही कार्यक्रमको लागि अन्य निकायबाट २०७९/०८० को अनुदान लिएको भए खुलाउनुपर्नेछ ।
१४. कुनै पनि अनुदान लिई फर्म तथा व्यक्ति कालोसूचीमा नरहेको प्रतिवद्धता जनाउनुपर्नेछ ।
१५. कर्मचारीको आ.व.२०७९/०८० को आयकर तिरेको फोटोकपी पेश गरेको हुनुपर्नेछ ।

कार्यविधि, अनुसूची एवम विस्तृत विवरणको थप जानकारीको लागि फोन नं.९८६०७८६०२८
अनूसुचि २ र ३ तादी गाउँपालिका कार्यालयको कृषि तथा पशुपन्छी शाखाले उपलब्ध गराउनेछ ।
वेभसाइट : www.tadimun.gov.np, ईमेल ठेगानाः ito.tadimun@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**

# लागुऔषध दुर्व्यसन न्यूनीकरणमा स्थानीय सरकार

**महेन्द्रनगर–** सुदूरपश्चिम प्रदेशमा लागुऔषध कारोबारको बढ्दै गएको छ। कञ्चनपुरमा हरेक दिन लागुऔषधसहित पक्राउ गर्ने क्रम निरन्तर छ।

कञ्चनपुर प्रहरीले हरेक दिन यहाँ लागुऔषधको कारोबारदेखि दुर्व्यसनमा लिप्त युवालाई पक्राउ गरिरहेको छ। भित्रिरूपमा यहाँका नौवटै पालिकाका लागुऔषध दुर्व्यसन र कारोबार न्यूनीकरणका लागि स्थानीय सरकार पनि जाग्न थालेका छन्।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म कञ्चनपुरबाट मात्रै लागुऔषध कारोबार र त्यसमा संलग्न १५७ जनालाई पक्राउ गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको छ।

यहाँ स्थानीय तहले बस्तीको विकास, अपांगता भएका व्यक्तिदेखि ज्येष्ठ नागरिकलाई सुविधा दिने र सडक सञ्जाल निर्माणलगायतका जोड दिए पनि लागुऔषध नियन्त्रणका लागि ठोस योजना भने बनाएको देखिँदैन। यहाँको शुक्लाफाँटा नगरपालिकाका नगरप्रमुख रणबहादुर महराले नगरपालिकाले प्रहरी साझेदारीमा विभिन्न सचेतनाका कार्यक्रम सञ्चालन गरिरहेको बताए।

'आगामी बजेटमै समावेश गरेर लागुऔषध न्यूनीकरण र सचेतनाको विषय प्राथमिकतामा राखेर अघि बढ्ने योजना छ,' नगरप्रमुख महराले भने, 'अहिलेसम्म बजेट नै विनियोजन लागुऔषध नियन्त्रणका लागि पहल भने भएको छैन।'

उनले कैलाली र कञ्चनपुरका पालिका मिलेर सुधार गृह व्यवस्थापन र सञ्चालनका विषयमा पहल धनगढीमा भएको बताए। 'प्रत्येक पालिकाबाट रकम संकलन गरेर कोष बनाएर सुधार गृह व्यवस्थापन जुट्ने विषयमा छलफल भएको हो,' उनले भने, 'वडास्तरसम्म पनि सचेतनाका लागि सञ्जाल बनाउने विषयमा पनि गृहकार्य गर्छौं।'

खुला सीमानाका भएका कारण भारतबाट यहाँ लुकिछिपी खैरोहिरोइन बढीमात्रामा भित्र्याउने गिरोह र सेवनकर्ता सक्रिय भएको प्रहरीको भनाइ छ। प्रहरीले पनि केही वर्षयता लागुऔषधको विषय नियन्त्रणमा लिन कारबाही र सचेतना अभियान नै सञ्चालन गरेको छ।

प्रहरीका अनुसार यहाँ चालु आर्थिक वर्षको फागुनसम्म लागुऔषधसम्बन्धी ८८ मुद्दा दर्ता भएका छन्। सो अवधिमा २७ किलोग्राम चरेश, ४१३ दलमलव ६० ग्राम खैरोहिरोइनलगायतका लागुऔषध नियन्त्रणमा लिएको छ।

त्यसैगरी गत आर्थिक वर्षमा कञ्चनपुरमा लागुऔषधसम्बन्धी मुद्दामा २३९ जना पक्राउ परेका थिए भने १४३ वटा मुद्दा दर्ता भएका थिए। यहाँ सो मुद्दामा पक्राउ पर्नेमा ८० प्रतिशतभन्दा बढी युवापुस्ताका छन् भने महिला र भारतीय नागरिक पनि प्रहरीको कारबाहीको दायरामा आएका छन्।

यहाँको बेलडाँडी गाउँपालिकाका अध्यक्ष हरिशचन्द्र रानाले सचेतनाका कक्षा सञ्चालन भइरहेको बताए। 'प्रहरीले रातदिन नेपाल-भारत सीमा नाकामा ड्युटी दिएर मात्रै लागुऔषध आयात नियन्त्रण गर्न समस्या छ,' उनले भने, 'सीमानाका स्थानीय युवालाई समेत सक्रिय गराउने सोचका साथ अघि बढेको छु।'

उनले हरेक अभिभावक आफ्ना सन्ततिप्रति चनाखो हुनुपर्ने बताउँदै प्रहरी र पालिकाको पहलले मात्रै नपुग्ने जानकारी दिए। उनले दक्षिण क्षेत्रबाट बढीमात्रामा लागुऔषध भित्रिने गरेको समाचार सुन्नमा आएको र त्यसको नियन्त्रणका लागि सबैपक्षको सहकार्य हुनुपर्नेमा जोड दिए।

त्यसैगरी यहाँको जेठो भीमदत्तनगरपालिकाले पनि वडा टोलस्तरसम्म लागुऔषध दुर्व्यसनसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको प्रवक्ता महेन्द्र खड्काले जानकारी दिए। 'लागुऔषध दुर्व्यसनविरुद्ध जनचेतनामूलक कार्यक्रमका लागि चालु आर्थिक वर्षमा पाँच लाख रूपैयाँ बजेट पनि विनियोजन गरिएको छ,' उनले भने, 'त्यसका लागि वडा, टोलमा विद्यालय, आमा समूहदेखि स्थानीयसम्मलाई जनचेतनामूलक कार्यक्रम गरिँदै छ।'

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी उपरीक्षक कमल थापाले यहाँ लागुऔषध दुर्व्यसन र कारोबारको रूप डरलाग्दो भएको बताउँछन्। 'सबैतिरबाट लागेर यसको नियन्त्रणमा जोड दिएनौं भने स्थिति भयानक छ,' उनले भने।

कञ्चनपुर कारागारका जेलर माया बस्नेत थापाले लागुऔषधसम्बन्धीका मुद्दाका मात्रै १४३ जना कैदीबन्दी रहेको बताए। '४२३ जनामध्ये १४३ लागुऔषधसम्बन्धी मुद्दाका छन्,' उनले भने, 'पछिल्लो समय लागुऔषध मुद्दाका कैदीबन्दी आउने क्रम बढेको छ।' *रासस*

# दुई महिला १७ करोडको कोकिनसहित पक्राउ

**काठमाडौं (प्रस)–** १७ करोड मूल्य बराबरको भएको झण्डै आठ किलो कोकिनसहित दुई भारतीय महिलालाई प्रहरीले पक्राउ गरी अनुसन्धान थालेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारत लैजान लागिएको उक्त परिमाणको कोकिन बरामद गरी भारत घर भएका भल्लालोमी र इस्थर ललिमपुईलाई पक्राउ गरिएको लागुऔषध नियन्त्रण ब्युरोका प्रहरी उपरीक्षक चक्रराज जोशीले जानकारी दिए। उनका अनुसार त्यसको अवैध बजार मूल्य अहिले १७ करोड रूपैयाँभन्दा बढी छ।

दुई जनाले फरक-फरक झोलामा फरक-फरक समयमा हवाइमार्ग हुँदै कोकिन निकासी गर्न लागेको पनि ब्युरोले जानकारी गराएको छ। उनीहरूले लगेजमा फल्सबटम बनाएर अवैध लागुऔषध कोकिन भारत लैजान लागेका थिए। विमानस्थल सुरक्षा कार्यालय र लागुऔषध नियन्त्रण ब्युरोको संयुक्त टोलीले इन्डिगो विमानबाट भारत जान लागेका बेला भाल्लालोमीको लगेज शंका लागि जाँच गर्ने क्रममा कोकिन फेला परेपछि विमानस्थलको प्रस्थानकक्षबाट उनलाई पक्राउ गरिएको हो।

उनको लगेजभित्र चारवटा लेडिज ब्याग फेला परेको र ती ब्यागमा फल्सबटम बनाई भारतको नयाँ दिल्लीतर्फ तीन किलो कोकिन निकासी गर्न लागिएको फेला परेको थियो। उनको बयानका आधारमा ठमेलस्थित एक होटलमा अनुसन्धान गर्दा पाँच किलो कोकिनसहित ललिमपुईलाई पनि पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ।

उनले पनि भारत निकासीका लागि तयारी अवस्थामा सुटकेसभित्र फल्सबटम बनाई कोकिन राखेका पाइएको छ। बिहीबार सार्वजनिक विवरणअनुसार दुवै जनामाथि लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान थालिएको ब्युरोका प्रहरी उपरीक्षक जोशीले जानकारी दिए।


## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**COMPANY: PRO TECH TOOL AND DIE SDN BHD**
**कम्पनी : प्रो टेक टुल एण्ड डाई एस. डिएन. बिएचडि**

Pre Approval Date : 2023-03-28 | LT. No.283433 | Invoice No. 60199110
पूर्व स्वीकृति मिति : २०७९/१२/१४ | एल टि न. २८३४३३ | चलानी नं. ६०१९९११०

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर Factory Worker | २५ 25 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४४,७३० 44,730 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**COMPANY: KOSSAN PAINT (M) SDN. BHD.**
**कम्पनी : कोसान पेन्ट (एम) एस. डिएन. बिएचडि**

Pre Approval Date : 2023-03-27 | LT. No.283267 | Invoice No. 60199111
पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | एल टि न. २८३२६७ | चलानी नं. ६०१९९१११

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर Factory Worker | ७० 70 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४४,७३० 44,730 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund — ने.रु.१५०० ।- रोजगारदाताले व्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले व्यहार्ने By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 7th April, 2023 in office premisees.**
**अन्तर्वाता मिति २०७९ चैत २४ गते कार्यालय परिसरमा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा पक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment(DOFE)** 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

## Himalayan Human Resources Nepal Pvt. Ltd.

श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LULU CENTER HYPERMARKET**

पूर्व स्वीकृति मिति : २०७९/१२/१६ | LT. No. 283548 | चलानी नं. ६०१९७०६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer | 65 | 35 | 110 | ४७,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क** ।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## JOB SEEKER MANPOWER Pvt. Ltd.

श्रम ईजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TSS FURNITURE INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/04/03 | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१६ | LT. No. 266634 | चलानी नं. ६०१८३४८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 130 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **JIA YUAN TRADING SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१६ | LT. No. 270673 | चलानी नं. ६०१८६६८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:निःशुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## SWIFT H.R. SOLUTION PVT. LTD.

श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TREND RESTAURANT**

पूर्व स्वीकृति मिति २०७९/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१६ | LT. No. 271334 | चलानी नं. ६०१८७१०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier (Female) | 0 | 1 | 1300 | ४५,४४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५२,४४५ | | | | | | | |
| 3 | Waiter | 0 | 1 | 1400 | ४८,९४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## White Horse International Pvt. Ltd.

Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com


## श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.

(ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ३, पुल्चोक)

### कर्जा चुक्ता गर्न आउने बारेको २१ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७९/१२/१७

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले विभिन्न प्रयोजनको लागि लिएको कर्जा यस संस्थासँग गरेको सम्झौता बमोजिम साँवा, ब्याज र अन्य दस्तुर आदि नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उलंघन गरेकोले यस संस्थाद्वारा सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा, तपशिल विवरणमा उल्लेखित ऋणीको नाममा कर्जा चुक्ता गर्न आउनु भनी यो २१ दिने सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस संस्थामा सम्पर्क राखी लिएको कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गर्नुहोला। अन्यथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली, विनियम तथा सहकारी ऐन २०७४ नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी ऋणी तथा जमानीको फोटो सहितको विवरण समेत खुलाई पुनः३५ दिने सूचना प्रकाशित गरी सम्पूर्ण रकम असुल उपर गर्नको लागी थप कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| सि. नं. | ऋणीको ठेगाना तथा तिन पुस्ते विवरण | व्यक्तीगत जमानत दिनेको ठेगाना तथा तिनपुस्ते विवरण | कर्जा शीर्षक |
|---|---|---|---|
| १ | साविक बागमती अञ्चल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं.६ (हाल बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.२७) मा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्ने **श्री भाईलाल महर्जन**को नाति **श्री सानुबाबु महर्जन**को छोरा (ना.प्र.नं.१२/२३०, ललितपुर) बर्ष ५० को **सानुराजा महर्जन**। | साविक बागमती अञ्चल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं.६ (हाल बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा न. २७) मा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्ने **श्री राम महर्जन**को नाति **श्री मंगल दास महर्जन**को छोरा (ना.प्र.नं.५००, ललितपुर) बर्ष ५३ को **मन कृष्ण महर्जन**। | हा.प. कर्जा |
| २ | साविक बागमती अञ्चल ललितपुर जिल्ला आश्राङ गा.वि.स. वडा नं.३ (हाल बागमती प्रदेश ललितपुर जिल्ला बागमती गा.पा. वडा नं.६) मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं.१० टाहाखेलमा बसोबास गर्ने **श्री क्षेत्र बहादुर घिमिरे**को नाति **श्री चन्द्र बहादुर घिमिरे**को छोरा (ना.प्र.नं.२८/३४३८५, ललितपुर) बर्ष ३४ को **देबेन्द्र घिमिरे**। | साविक बागमती अञ्चल ललितपुर जिल्ला गिम्दी गा.वि.स. वडा नं. ४ (हाल बागमती प्रदेश ललितपुर जिल्ला बागमती गा.पा. वडा नं.७) मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं.१० टाहाखेलमा बसोबास गर्ने **श्री चन्द्र बहादुर घिमिरे**को बुहारी **श्री काशीनाथ सापकोटा**को छोरी **श्री देबेन्द्र घिमिरे**को श्रीमती (ना.प्र.नं.२८-०१-७२-०१३०४,ललितपुर) बर्ष २६ को **रुपा घिमिरे**। | हा.प. कर्जा |
| ३ | साविक बागमती अञ्चल ललितपुर जिल्ला ललितपुर उप-म.न.पा. वडा नं.१८, (हाल बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.१६) मा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्ने **श्री हेरम्बधर न्याछ्यौ**को नाति **श्री लक्ष्मी कृष्ण न्याछ्यौ**को छोरा (ना.प्र.नं.२१६४७, ललितपुर) वर्ष ५२ को **श्री रोशन कृष्ण न्याछ्यौ**। | साविक बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला पाङग्रेटार गा.बि.स. वडा नं.५ (हाल बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला सुनकोशी गा.पा. वडा नं.७) मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला ल.पु.म.न.पा वडा नं.२५, भैंसेपाटीमा बसोबास गर्ने **श्री तेज बहादुर बस्नेत**को नाति **श्री सुर्दशन बस्नेत**को छोरा (ना.प्र.नं. ३९००/५५७५/१९५०६, काठमाण्डौं) वर्ष ५५ को **श्री दमन बस्नेत**। | सदस्य सुविधा कर्जा |
| ४ | साविक गण्डकी अञ्चल गोरखा जिल्ला पृथ्वीनारायण गा.वि.स. वडा नं.१०, नयाँबस्ती (हाल बागमती प्रदेश गोरखा जिल्ला गोरखा न.पा. वडा नं.११, नयाँबस्ती) मा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्नुका साथै गोरखा जिल्ला गोरखा न.पा. वडा नं.१०, बाह्रकिलो बजारमा एस.ए.ट्र्याक्टर पार्टस नामको व्यवसाय सञ्चालन गरि बस्ने **श्री ध्रुव कुँवर क्षेत्री**को बुहारी **श्री कुमार राज पोडेल**को छोरी **श्री अनिल कुँबर**को श्रीमती (ना.प्र.नं. ४४३००१/१३०,गोरखा) वर्ष ३२ को **श्री सरस्वती पौडेल**। | साविक गण्डकी अञ्चल गोरखा जिल्ला पृथ्वीनारायण गा.वि.स. वडा नं.१०, नयाँबस्ती (हाल बागमती प्रदेश गोरखा जिल्ला गोरखा गा.पा. वडा नं.११, नयाँबस्ती) मा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्ने **श्री जनक बहादुर कुँबर**को नाति **श्री ध्रुब कुँबर क्षेत्री**को छोरा (ना.प्र.नं. ६५११२, गोरखा) वर्ष ४१ को **श्री अनिल कुँबर**। | व्यापारिक कर्जा |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जनताको न्यायालय बनोस् न्यायिक समिति

नेपालको संविधान–२०७२ ले प्रत्येक स्थानीय तहमा न्यायिक समितिको परिकल्पना गरेको छ । सोही परिकल्पना अनुरूप स्थानीय तहमा निर्वाचित उपप्रमुख/उपाध्यक्ष न्यायिक समितिको संयोजक हुने व्यवस्था संविधानले नै दिएको छ ।

संघीय संरचना अनुरूप तीन तहको सरकारमध्ये जनताको आँगनकै सरकारका रूपमा स्थानीय तह रहेको छ । जनप्रतिनिधिमुलक सरकार स्थानीय तहको पहिलो निर्वाचन २०७४ मा भयो । पाँच वर्षको कार्यकालमा स्थानीय तह काम, कर्तव्य अधिकार र संघीय संरचनाको मोडलमा नै रुमल्लिएको देखियो ।

२०७९ वैशाख ३० गते स्थानीय तहको दोस्रो कार्यकालका लागि निर्वाचन भएपश्चात् अहिले जनप्रतिनिधिहरु सक्रिय छन् । तर, न्यायिक समितिको चर्चा र बहस भने त्यत्ति भएको पाइँदैन । यहीबीच काठमाडौं महानगरपालिकाले पहिलोपटक न्यायिक समिति राष्ट्रिय सम्मेलन आयोजना गरेको छ । यस सम्मेलनसँगै न्यायिक समिति र समितिले गर्ने काम कर्तव्य र अधिकारका विषयमा पनि बहस सुरु भएको छ ।

न्यायिक समिति स्थानीय तहका न्यायिक निकायका रूपमा स्थापित भइरहेको छ । न्यायिक समितिका संयोजक तथा सदस्यहरु न त न्यायाधीश हुन् न त न्याय प्रशासक नै हुन् । तर पनि न्यायिक समितिको काम, कर्तव्य र अधिकार यति धेरै तोकिएको छ । मानौं घरजग्गा, साँध, सिमाना वा पारिवारिक झैँझगडा वा लेनदेनको विवाद त्यही न्यायिक समितिले नै टुंग्याउँछ ।

हुन पनि त्यही नै हो । सकेसम्म स्थानीय विवादको समाधान स्थानीय तहले नै गर्नेगरी संविधानले न्यायिक समिति गठनको प्रावधान राखेको हो । यद्यपि, न्यायिक समितिले न्याय निरूपण गरिहँदा समिति संयोजक एवं सदस्यहरु न त कानुनका ज्ञाता नै छन्, न त कानुन पढेका विद्यार्थीहरु नै हुन् । तर। प्रयास गर्नु निकै नै सरहानीय र महत्त्वपूर्ण पाटो हो ।

संविधानले न्यायिक समितिलाई पर्याप्त अधिकार दिएको छ । तर, न्यायिक समितिका संयोजक अर्थात् उपप्रमुख वा उपाध्यक्ष राजनीतिक प्रशिक्षणबाट निर्वाचित भएर आउने भएका कारण न्याय निरूपण गर्दा राजनीतिक आँखाले निसाफ गर्न खोज्ने भएकाले त्यो अधिकार कार्यान्वयनमा चुनौती थपिएको देखिन्छ । सोही कारण न्यायिक समितिभन्दा जिल्ला अदालत नै धाउनुपर्ने बाध्यता जनतामा परेको छ ।

न्यायिक समितिले वास्तविकरूपमा जनताको विश्वास जित्नेगरी न्याय सम्पादन गर्ने र राजनीतिक आँखाबाट नहेरिदिने हो भने पनि मुलुकभरका ७५३ वटै स्थानीय तहबाट नागरिकले सहजरूपमा न्याय पाउन सक्छन् । चैत १५ र १६ मा सम्पन्न न्यायिक समिति राष्ट्रिय सम्मेलनले सही मर्म र कानुनको धर्म निर्वाह देशैभर एकै किसिमको गर्ने जुन उद्देश्य लिएको छ, त्यो पूरा होस् । साँध सिमाना वा जग्गा विवादले पुस्तौं मुद्दा खेप्नपर्ने अवस्थाको अन्त्य होस् । न्यायिक समिति साँच्चिकै जनताको न्यायालय बन्न सकोस् ।

## मननयोग्य

### विदुर नीति

'धर्मको गति बुझ्निनसक्नु छ' 'धर्मका तात्विक विषयहरू यत्रतत्र पाइदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ । धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ । भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । क्रमशः



# 'मुटुरोगको समस्या भयावह बन्दै छ'

**डा. अवनिभूषण उपाध्याय**
**वरिष्ठ मुटुरोग विशेषज्ञ**

*नेपालका प्रसिद्ध मुटुरोग विशेषज्ञको रूपमा परिचित छन् डा. अवनिभूषण उपाध्याय । व्यावसायिक जीवनका क्रममा विभिन्न महत्वपूर्ण जिम्मेवारी सम्हाल्दै सरकारी, गैरसरकारी र निजी तीनवटै क्षेत्रमा कुशलतापूर्वक नेतृत्वदायी भूमिका निर्वाह गरी सात दशकको उमेरमा पनि उनी उत्तिकै क्रियाशील छन् । उनले वीर अस्पतालका अतिरिक्त भक्तपुर, उदयपुर, जनकपुर, मेडिकेयर, गंगालाल, सार्क हार्ट फाउण्डेसनमा संलग्न भई मुटुरोग उपचारमा सेवा पुऱ्याउँदै आएका छन् । तत्कालीन सोभियत संघबाट चिकित्सा विज्ञानको मुटुरोग विधामा विशेषज्ञता हासिल गरेका उनले देशका कुनाकन्दारामा पुगेर मुटुरोग उपचार सेवा पुऱ्याएका छन् । जीवन र संघर्षलाई नङ र मासुजस्तै परिपूरक ठान्ने उनी कामको अनुभव विश्वविद्यालयमा पढेर पाइने होइन, त्यसका लागि काम गर्नैपर्छ, ठक्कर खानैपर्छ भन्ने मान्यतामा विश्वास गर्छन् । व्यवहारबाट प्राप्त हुने अनुभव भनेको आगोको भुंग्रोमा पगालेर सुन्दर आकार दिइएको सुनजस्तै उनी पनि उच्च शैक्षिक डिग्रीसँगै अनुभवले खारिएका परिपक्व चिकित्सक हुन् । उनको हालै 'मुटुसँग सहयात्रा' नामक आत्मवृतान्त पुस्तकसमेत प्रकाशित भएको छ । पुस्तकभित्र एक नेपाली डाक्टरको जीवन कथा, भोगाइ, अवसर र चुनौतीका अतिरिक्त नेपाली समाजको चित्रण, मुलुकको स्वास्थ्य प्रशासन, राजनीतिक र भूगोललगायतका विषयको रोचक चित्र समेटिएको छ । पुस्तकमा रोचक सन्दर्भ, व्यावसायिक जीवन आरम्भ, सुधार गर्न सकिँदोरहेछ, वीरका चुनौतीपूर्ण ती दिन, फरक अवधारणाको अस्पताल, मुटु जोगाउने अभियान, गौरवपूर्ण गंगालाल हृदय केन्द्र, न्याम्सको चपेटामा वीर अस्पताल, भिआइपीको उपचार, स्वास्थ्य र राजनीति शीर्षकमा विषयगत महत्वपूर्ण घटनासम्बन्धी अध्याय समावेश गरिएका छन् । प्रस्तुत छ, नेपालमा मुटुरोगको अवस्था, रोगको उपचार, निदान र रोकथाममा गर्नुपर्ने पहल तथा आमनागरिकले स्वस्थ मुटुका लागि अपनाउनुपर्ने जीवनशैलीका बारेमा रासस*का आलेख शाखा प्रमुख* कृष्ण अधिकारी*ले गरेको कुराकानीः*

**यहाँ करिब ४० वर्षदेखि मुटुरोगको उपचारमा क्रियाशील रहँदै आउनुभएको छ, सुरूमा कहाँबाट सेवा आरम्भ गर्नुभयो ?**

रसियाबाट मुटुमा पोस्ट ग्राजुएट गरेर फर्केपछि २०३५ सालमा वीर अस्पतालमा काम सुरु गरेँ । डा. मृगेन्द्रराज पाण्डेले मुटुको छुट्टै युनिट सञ्चालन गर्न दिनुभयो । त्यतिबेला हामीले विदेशबाट केही उपकरणहरु ल्याएर वीर अस्पतालमा मुटुरोगको छुट्टै उपचार सेवा सुरु गरेका थियौं । हाम्रो टिम राम्रो थियो । डा. पाण्डे देशमा मुटुरोगीको संख्या बढ्दै गएका कारण यसको उपचारसँगै रोकथाम कसरी गर्न सकिन्छ भन्ने कुरामा बढी नै चिन्तित हुनुहुन्थ्यो । त्यसैले उहाँकै सल्लाहमा उपचारसँगै जनचेतना अभिवृद्धि गराउने उद्देश्यले २०४५ सालमा नेपाल हार्ट फाउण्डेसन स्थापना गरियो । अहिले यसको देशभरि शाखा विस्तार भई जनचेतनामूलक विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । यस फाण्डेसनको स्थापना गर्नुको अर्को उद्देश्य देशमा मुटुरोगको उपचार गर्ने अलग्गै अस्पताल स्थापना गर्नुपर्दछ भन्ने पनि रहेको थियो ।

**सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको स्थापना यसैको उद्धेश्यअनुसार नै भएको हो त ?**

हो । तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी बिरामी भएपछि उहाँको उपचारमा वीर अस्पतालबाट म र त्रिवि शिक्षण अस्पतालबाट डा. अरुण सायमी खटियौं । त्यतिबेलाका स्वास्थ्यमन्त्री पद्मरत्न तुलाधरसँग पनि मुटुरोगको अलग्गै अस्पताल स्थापना गर्नु जरुरी भएको कुरा राख्यौं । उहाँ हाम्रो कुरामा सहमत हुनुभयो । काठमाडौंको बाँसबारीस्थित त्यतिबेला बाँसबारी छालाजुत्ता कारखानाको जग्गामा सांसद निवास बनाउने योजना रहेछ, हाम्रो अस्पताल बनाउने प्रस्तावपछि मन्त्री तुलाधर मुटुको अस्पताल बनाउन सहमत हुनुभयो ।

यसका लागि धेरै मिहेनत गर्नुपऱ्यो । हाल यो अस्पताल नेपालकै एक स्रोत साधन सम्पन्न, दक्ष जनशक्तियुक्त मुटुरोगको अस्पताल बन्न सकेको छ । गंगालालको स्थापनापछि नेपालले मुटुरोगको उपचारमा ठूलो फड्को मार्नसक्यो । त्यसपछि निजी अस्पताल पनि आए । अहिले मुटुरोगको उपचार र निदानका लागि नेपाल बाहिर जानुपर्दैन । मुटुरोगको निदान, उपचार, रोकथाम तथा अध्ययन अनुसन्धान सम्बन्धमा सरकारको केन्द्रीय अस्पतालको रूपमा विस्तार गर्नु आवश्यक छ ।

**नेपालमा मुटुका रोगीको संख्या दिन प्रतिदिन बढ्दै गएको अवस्थामा तिनको उपचारका लागि चिकित्सकको संख्या र अस्पतालको अवस्था कस्तो छ ?**

पछिल्लो समय नेपालमा मुटुरोगीको संख्या निकै अस्वाभाविकरूपमा बढ्दै गएको छ । पहिले दुई/तीनजना बिरामी आउने गरेकामा अहिले ३०/४० जना आउने गर्दछन् । त्यसअनुसार ती बिरामीको उपचारका लागि आवश्यक चिकित्सकको संख्या निकै कम छ भने आवश्यक अस्पतालको संख्या पनि छैन । केन्द्रमा सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र मात्रै छ भने अन्य सरकारी र निजी अस्पतालबाट सेवा दिन सकेका छौं । मुटुरोगको उपचारमा तुलनात्मक रूपले सस्तो र गुणस्तरीय सेवा प्रदान गरी देशकै एक भरोसायोग्य उपचार केन्द्रको रूपमा स्थापित गर्नेतर्फ सरकारको सहयोग जरुरत पर्दछ । काठमाडौंबाहिरका मुख्य सहरहरुमा चिकित्सक भए पनि जिल्ला तहमा सेवा विस्तार गर्न सकेका छैनौं । गंगालाल अस्पताल स्थापना गर्दा पाँच वर्षमा सबै अञ्चल र अर्को पाँच वर्षमा सबै जिल्लामा मुटुरोगको उपचार गर्ने अलग्गै अस्पताल स्थापना गर्ने लक्ष्य राखेका थियौं । यसमा प्रगति हुनसकेको छैन । अहिले जनकपुरमा भने अस्पतालको युनिट स्थापना भएको छ ।

**मुटुरोगको उपचार सेवालाई देशभरि विस्तार गर्न के गर्नुपर्ला ?**

पहिलो कुरा स्वास्थ्य क्षेत्रलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्दछ र त्यहीअनुसार बजेट योजना हुनु आवश्यक छ । गंगालाल अस्पताल पूर्वाधार, प्रविधि र जनशक्तिका हिसाबले राम्रो भएकाले तुरुन्तै यसलाई विश्वविद्यालयको रूपमा सञ्चालन गर्न सकिएमा त्यहाँबाट उत्पादित जनशक्तिलाई देशभर परिचालन गर्न सकिन्छ ।

पहिलो चरणमा कम्तीमा हरेक प्रदेशमा एउटा गंगालालजस्तै अस्पताल स्थापना गर्न जरुरी छ । त्यसपछि जिल्लास्तरमा मुटुरोगको अस्पताल विस्तार गर्दै लैजान सकिन्छ । साथै, सरकारको एकल प्रयासले मात्रै मुटुको रोग नियन्त्रण गर्न सम्भव छैन । आज जनता र निजी क्षेत्रको पनि उत्तिकै हातेमालोको आवश्यक पर्दछ ।

**नेपालमा मुटुका रोगीका बिरामीको संख्या तीव्ररूपमा बढ्दै जानुको मुख्य कारण के होला ?**

नेपालमा २०३५ सातसम्म पनि मुटुरोगको समस्या थिएन । नेपालीको जीवनशैली निकै राम्रो थियो । तर, अहिले खासगरी खानपिन र व्यायाम गर्ने परिपाटीमा धेरै परिवर्तन भएको छ । पश्चिमा देशहरुले खानपिन र जीवनशैलीमा ध्यान दिन थालेकाले ती देशमा अहिले मुटुको समस्या निकै कम भएको छ तर हाम्राजस्ता देशमा स्वास्थ्यप्रतिको सचेतना नहुँदा समस्या बढ्दै गएको छ । तयारी खाना, चिल्लो, माछामासु बढी खाने, सागसब्जी कम खाने, शारीरिक कसरत नगर्ने आदत बढ्दै गएको छ । सानो उमेरमै धूमपान गर्ने, मध्यपान गर्ने क्रम बढ्न थालेको छ । यसले गर्दा १८/२० वर्षकै उमेरका युवामा उच्च रक्तचाप, मधुमेहको समस्या बढ्न थालेको छ । पछिल्लो समय धेरै मानिसमा तनावले पनि मुटुको समस्या बढेको पाइन्छ । त्यसैले उचित खानपान, कसरत र तनावमुक्त जीवनशैलीमा ध्यान नदिए ठूलै महामारी आउने निश्चित छ ।

**मुटुको रोग लाग्नै नदिन के कुरामा ध्यान दिन आवश्यक हुन्छ ?**

उचित आहार, व्यायाम र योगसहितको जीवनशैली नै मुटुरोग मात्र नभई कुनै पनि नसर्ने रोगबाट बच्ने उपाय हो । एउटा वयस्क व्यक्तिलाई स्वस्थ हुन सामान्यतयाः दिनमा छ/सात घण्टा सुत्नुपर्छ । दैनिक करिब एकघण्टा हिँडडुल वा अन्य व्यायाम गर्नुपर्छ । आधा घण्टा योग ध्यान गर्दा धेरै फाइदा हुन्छ । खानामा कार्बोहाइड्रेडयुक्त खानेकुरा कम र प्रोटिनयुक्त खानेकुरा खानुपर्छ । बिहान सामान्य खानेकुरा खाने तर साँझमा ढिलोमा छ बजेभित्र हल्का पाचनदार खानेकुरा खानु राम्रो हुन्छ । हरियो तरकारी, सागसब्जीलाई दुवै छाकमा खानुपर्छ । चिनी र चिल्लो पदार्थलाई बन्द गरे हुन्छ । नून पनि २.५ ग्रामभन्दा कम खाए पुग्छ । घिउ वा तेलमा तारेको खानेकुरा नखाने तर शुद्ध तोरीको तेलमा पकाएको खाँदा खासै बेफाइदा हुन्न । व्यक्तिको शारीरिक बनोटअनुसार यी कुरामा केही तलमाथि पनि हुनसक्छ । मध्यपानले कुनै फाइदा नगर्ने वैज्ञानिक तथ्यबाट पुष्टि भइसकेको छ । मासुमा माछा ठिकै हुन्छ, रातो मासु सकभर नखाने, खानै परे एकदम कम खानुपर्छ । धूमपानबाट टाढै रहन सक्यो भने उच्च रक्तचाप, मधुमेहको समस्या नियन्त्रण गर्न सजिलो हुनुका साथै अन्य रोग पनि लाग्ने जोखिम धेरै नै कम हुन्छ ।

**मुटुका रोगीलाई उपचारसँगै पुनःस्थापनामा पनि ध्यान दिनुपर्ने होइन र ?**

विश्व स्वास्थ्य संगठनको पछिल्लो अध्ययनले इस्केमिक हार्ट डिजिजलाई विश्वकै सबैभन्दा ठूलो प्राणघातक रोगको रूपमा देखाएको छ । पछिल्ला दिनहरुमा नेपालमासमेत रोगका बिरामी तथा यसका कारण हुने मृत्यु बढिरहेको सन्दर्भमा उनीहरुको उपचारसँगै पुनःस्थापनामा पनि जोड दिनु आवश्यक छ ।

विकसित देशहरुमा उपचारसँगै पुनःस्थापनाका कार्यक्रममा जोड दिन थालिएको छ । बिरामीलाई अस्पतालबाट घर पठाउनुअघि केही समय पुनःस्थापना केन्द्रमा राखी सही ढंगबाट औषधि सेवन गराउने, खानपिनमा अभ्यस्त तुल्याउने तथा व्यायाम गराउनेजस्ता कुरा गराउन जरुरी हुन्छ ।

- गंगालालको स्थापनापछि नेपालले मुटुरोगको उपचारमा ठूलो फड्को मार्नसक्यो ।
- मुटुरोगीको संख्या निकै अस्वाभाविकरूपमा बढ्दै गएको छ । पहिले दुई/तीनजना बिरामी आउने गरेकामा अहिले ३०/४० जना आउने गर्दछन् ।
- गंगालाल अस्पताल स्थापना गर्दा पाँच वर्षमा सबै अञ्चल र अर्को पाँच वर्षमा सबै जिल्लामा मुटुरोगको उपचार गर्ने अलग्गै अस्पताल स्थापना गर्ने लक्ष्य राखेका थियौं । यसमा प्रगति हुनसकेको छैन ।
- पहिलो चरणमा कम्तीमा हरेक प्रदेशमा एउटा गंगालालजस्तै अस्पताल स्थापना गर्न जरूरी छ । त्यसपछि जिल्लास्तरमा मुटुरोगको अस्पताल विस्तार गर्दै लैजान सकिन्छ ।
- उचित आहार, व्यायाम र योगसहितको जीवनशैली नै मुटुरोग मात्र नभई कुनै पनि नसर्ने रोगबाट बच्ने उपाय हो ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# वन्यजन्तुबाट बालीनाली जोगाउनै मुश्किल

**काभ्रेपलाञ्चोक–** पनौती नगरपालिका-५ सुब्बागाउँको खेतमा रोपिएको आलुखेतीमा बँदेलले क्षति पुऱ्याउँदै आएको छ । जंगल छेउका खेतमा एक रातमै करिब दुई/तीन रोपनी खेतको आलुको डचाङ भत्काएर खाने र कलिलैमा सपाख पारेपछि स्थानीय कृषक चिन्तित बनेका छन् ।

केही दिनदेखि बँदेल आतंकका कारण राति खेत कुर्नुपर्ने बाध्यता आउन थालेको स्थानीय बुद्धिबहादुर थापाले बताए । 'राति बँदेलको समूहले ठाउँठाउँमा गरी १५ रोपनी जति खेतमा आलु क्षति पुऱ्याइएसके, अब रातभर पाले बस्नुपर्ने जस्तो देखियो,' उनले भने । उनका अनुसार नगर तथा जिल्लास्थित निकायमा बालीमा क्षति पुऱ्याएको तथा रोकथामका लागि मौखिक जानकारी गराइएको छ । पीडित कृषक अब लिखितरूपमा माग गर्ने तयारीमा छन् ।

मल र बीउको अभावमा रोपिएको आलु क्षति हुँदा यहाँका कृषक निकै चिन्तित बनेका हुन् । गत वर्ष पनौती नगरको कुशादेवी क्षेत्रमा पनि समूहसमूहमा आएको बाँदरले स्थानीयलाई निकै दुःख दिएका थिए ।

यसअघि गत असारमा मण्डनदेउपुर नपा-९ स्थित रायोबारीमा चितुवाले योग गंगा वाइल्ड एण्ड च्याटल फार्मका ६५० कालिजमध्ये ३५० कालिज मारेको थियो । बिहान ३ बजे अँध्यारोका समयमा कालिज मार्दै खाँदै गरेपछि स्थानीयले देखेर चिच्याएपछि चितुवा भागेको थियो । मारेको ३५० मध्ये चितुवाले ६० वटा कालिज खाएको थियो । बाख्रा, टर्की र कुखुरापालन गरिएको उक्त फार्ममा त्यतिबेला आठ लाख रूपैयाँको क्षति भएको थियो ।

यसअघि सोही नगरको १ नं. वडास्थित नगरकोट हलेदेमा गत वर्ष बँदेलले सयौं रोपनी जमिनको मकै खाँदै फाँडेर सखाप पारेको थियो । बँदेलबाट अन्नबाली जोगाउन स्थानीय रातभरि आलोपालो कुरुवासमेत बसेका थिए । स्थानीय दिपक बस्ताकोटीका अनुसार बँदेल आतंकले गाउँलेसमेत घरमा बस्न डराएका थिए । 'त्यतिबेला अन्नबालीमात्र हैन, मानिससमेत डराउनुपर्ने अवस्था सिर्जना भएको थियो, यसपाली पनि त्यही हुने हो कि, मकै फल्ने बेला हुन लाग्यो,' उनले भने ।

उनका अनुसार विशेषगरी राति समूह-समूहमा आएको बँदेलले फल्न थालेको मकैबाली सखाप पारेका थिए । अघिल्लो वर्ष पनि नगरको १२ वडामध्ये आठ र नौबाहेक सबैमा बाँदरले खेतबारीको बालीमा क्षति पुऱ्याएको थियो । त्यतिबेला नगरले पहिलो चरणमा १२ नं वडाका स्थानीयलाई सामूहिकरूपमा प्रयोग गर्न बाँदर धपाउने १५ यन्त्र दिएको थियो । घटनाक्रमले काभ्रेपलाञ्चोकमा केही वर्षदेखि जंगली जनावरको आतंक बढ्दै गएको पाइएको छ । त्यसैले जंगल नजिक बस्तीका कृषकका बाली नष्ट भएका छन् भने यदाकदा, चितुवाजस्ता हिंस्रक जनावरको आक्रमणले जनधनको क्षति हुँदा मानिससमेत त्रसित अवस्थामा बस्नुपर्ने बाध्यता देखिन्छ ।

पाँचखाल नपा-१३ कोसीदेखाका बासिन्दा चार वर्षदेखि बँदेल र बाँदरले बालीमा पुऱ्याउँदै आएको क्षति सहँदै तिनका आतंकले निकै आजित बनेका छन् । स्थानीय यमलक्ष्मी थपलियाले बँदेल र बाँदरले कटहर र अदुवाबाहेक सबै खाने गरेको बताए । उनका अनुसार जंगली जनावरको आतंक नरोकिए विस्थापित हुनुपर्ने बाध्यता रहेको छ । स्थानीय जनप्रतिनिधिसँग दुःखेसो पोखे पनि कुनै समाधानको उपायबारे सहयोग नभएको थपलियाको गुनासो छ ।

बनेपा नपा-३ काँकेका कृषक गोकुल बजगाईं वन बाक्लिँदा जंगली जनावर पनि बढ्दै गएकाले मानिसका लागि थप चुनौती बन्दै गएको बताउँछन् । उनी भन्छन्, 'वनमा बँदेलको संख्या बढ्दा आलुलगायतका खेतीबाली नष्ट हुँदै गइरहेका छन् ।' उनका अनुसार प्रत्येक वर्ष बँदेलले खेतबारीमा लगाएको आलु रोपेकै दिन हुँडलेर सखाप बनाइदिने गर्दछन् । स्थानीय शिक्षक तुलाप्रसाद दाहाल भने बँदेल भगाउन बारीमा रेडियो बजाएर राखेकोसमेत अनुभव सुनाउँछन् ।

धुलिखेल नपा-१ देवीटारकी कृषक सरस्वती घोरासैनीलाई दुम्सीले हैरान पार्दै आएको वर्षौं भइसक्यो । 'दुम्सीले बारीको काँक्रो र तरकारीका बोट नै सखापै पार्ने गर्छ, अहिले पनि अन्य बालीमा क्षति पुऱ्याउँछ कि भन्ने सम्भावित जोखिममै बसेका छौं,' उनले भने । उनका अनुसार दुम्सी ओढारमा लुक्ने र कोही नभएका बेला बारीमा आएर काँक्रो तथा अन्य बालीको उम्रिएका बोट उखेलेरै फाल्ने गर्दछन् ।

काभ्रेपलाञ्चोकमा वन क्षेत्रमा जोडिएर रहेका बस्तीमा जंगली जनावरले बाली तथा घरपालुवा जनावरलाई समेत क्षति पुऱ्याएपछि समाधानका लागि छलफल पनि चलाउने गरिन्थ्यो । जिल्लास्थित संवाद समूहले केही महिनाअघिसम्म विभिन्न स्थानीय तहमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनबारे विभिन्न चरणमा सरोकारवालासँग संवाद गर्दा अधिकांश कृषकले बँदेल र बाँदरको समस्या देखाउँदै आएका थिए ।

डिभिजन वन कार्यालय धुलिखेलका वन अधिकृत देवीचन्द्र पोखरेल जिल्लाका अधिकांश वनभित्र आवश्यक संख्याभन्दा बढी बँदेल भइसकेकाले किसानसँग द्वन्द्व बढ्ने खतरा बढेको बताउँछन् । उनी भन्छन्, 'कति संख्यामा कलिङ गर्ने भनेर नीतिमै परिवर्तन नगरेसम्म जंगली जनावरको आतंक न्यूनीकरण गर्न सकिँदैन ।' उनका अनुसार कार्यालयसँग वन्यजन्तु न्यूनीकरणका लागि कुनै योजना नभए क्षति भएपछि क्षतिपूर्ति दिने काम भइरहेको छ ।

पोखरेलले हाल पनि जिल्लाका केही स्थानबाट जनावरले क्षति पुऱ्याएको भन्दै क्षतिपूर्ति माग्न आएको बताए । उनले भने, 'एक वन-एक घाँसे मैदान र एक पोखरी भन्ने सचेतना अभियानमा लागिरहेका छौं ।' उनका अनुसार वन्यजन्तुको आतंक रोक्न प्राकृतिकरूपमा वनमै वन्यजन्तुको आहारको व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ । कार्यालयका अनुसार बितेको १४ वर्षमा काभ्रेपलाञ्चोकमा जंगली जनावरको आक्रमणबाट १४ जनाको मृत्यु र आधा दर्जन घाइते भएका छन् ।

कार्यालयमार्फत मानव मृत्यु तथा घाइते तथा वर्षेपिच्छे अन्नबाली क्षति, घरपालुवा जनावर तथा पशुपक्षीको क्षतिपूर्ति निर्देशिकाअुसार दिँदै आइएको छ । सरकारको प्रावधानअनुसार मृतकका प्रतिपरिवारलाई १५ लाख रूपैयाँ तथा घाइतेको अवस्था हेरी उपचार खर्च दिइन्छ । *रासस*


**भागेश्वर सुगर एण्ड केमिकल्स इण्डष्ट्रिज प्रा.लि.**
**पुर्नवास-०२, कञ्चनपुर**

**मूल्य सूची**

यस उद्योगबाट उत्पादित मोलासेस Rectified Spirit प्रतिलिटर मूल्य रू.९०/- तथा Extra Neutral Alcohal (ENA) प्रतिलिटर मूल्य रू.११०/- ले मिति २०७९/१२/१७ देखि बिक्री गरिने भएकोले सबैको जानकारीको लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशुल्क तथा मू.अ.कर समावेश गरिएको छैन ।



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASSQ INTERNATIONAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१६ LT. No. 283037 चलानी नं. ६०१९८४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 25 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SULAIMAN JEWELLERS

पूर्व स्वीकृति मिति २०७९/१२/१६ LT. No. 283742 चलानी नं. ६०१९९०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Jeweler | 2 | 0 | 1700 | ६१,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 1 | 0 | 1700 | ६१,४४५ | | | | | | | |
| 3 | Watches Salesman | 2 | 0 | 1700 | ६१,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOMETOWN F AND B (SEPANG)SDN.BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/१६ LT. No. 283608 चलानी नं. ६०१९९११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 120 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति:२०७९/१२/१६ LT. No. 277497 चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : NAMAQ COMPANY TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७८/१२/०१ पुन विज्ञापन स्वीकृति मिति:२०७९/१२/१६ LT. No. 259269 चलानी नं. ६०१८४९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 1 | 0 | 1000 | ३५,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINGWATAK INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१२/१६ LT. No. : 283746 चलानी नं.६०१९९०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**

G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI BIN NASIR BI AHAMD AL DAJANI EQUIPMENT SUPPLIES EST

पूर्व स्वीकृति मिति २०७९/१२/१६ LT. No. 283633 चलानी नं. ६०१९९०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black smith | 1 | 0 | 1300 | ४५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal, Mobile :9801101712, 9801101715
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WRITEBEST MANUFACTURING SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१२/१३ LT. No. 283478 चलानी नं. ६०१९८९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PERTANIAN FARMIX(M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१६ LT. No. 279395 चलानी नं. ६०१९५१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 9 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADINA MAS RESTAURERNT

पूर्व स्वीकृति मिति २०७९/१२/१६ LT. No. 283740 चलानी नं. ६०१९९०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1300 | ४५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .** श्रम ईजाजत नं. ११९५/०७३/७४

Head Office: Kathmandu N.P.-34,New Baneshwor, Kathmandu, BAGMATI, Tel: +01-4796201
Branch Office: Atithi Sadan Road, Birtamode, Jhapa, Tel: +23-590306, 590307
Email: ishanoverseasjhapa@gmail.com, URL: www.ishanint.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOW SERVICES TRADING

पूर्व स्वीकृति मिति २०७९/१२/१३ LT. No. 283441 चलानी नं. ६०१९८८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 10 | 0 | 100 | ३४,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २३ गते (6th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 283441 मिति: २०७९/१२/१६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**GANDAKI OVERSEAS CONCERN PVT.LTD.**

Alok Nagar, Min Bhawan,Kathmandu Nepal
श्रम ईजाजत नं. ११५/०५५/०५६ Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FERAS MANIA BIN AHMED AL MANIA GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/११/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१६ LT. No. 281224 चलानी नं. ६०१९६८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Fixer | 1 | 0 | 1200 | ४२,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २४ गते (7th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

श्रम ईजाजत नं. ११०८/०७३/०७४

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

प्रभाव दैनिक

रूपशाला



## 'बहाब' सेन्सर पास

अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म 'बहाव' सेन्सर पास भएको छ । सोमबार चलचित्र सेन्सर बोर्डले फिल्म हेर्दै सबैले हेर्न मिल्ने युनिभर्सल सर्टिफिकेट दिँदै सेन्सर पास गरेको हो । फिल्म सेन्सर पास भएको निर्माता श्रीधर पौडेलले जानकारी दिएका छन् । चैत २४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा प्रमोद कँडेलको लेखन/निर्देशन रहेको छ । सुरक्षाको अलावा फिल्ममा कमलमणि नेपाल, अफरान अली, सूर्य शर्मा भट्ट, ईश्वरी सिंह, हीरालाल कँडेल, पवन श्रेष्ठ लगायतको अभिनय देख्न सकिन्छ ।

शुक्रबार, १७ चैत २०७९ (Friday, March 31 2023)

# 'डिपार्टेड डन'लाई भारतको तीन अवार्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** नाटचकर्मी विमल सुवेदीको 'डिपार्टेड डन' ले बुधबार भारतको नयाँ दिल्लीमा सम्पन्न १८औं महिन्द्रा थिएटर एक्सिलेन्सी (मेटा) अवार्डमा तीन अवार्ड जितेको छ ।

भारतको सबैभन्दा प्रतिष्ठित मानिने मेटा अवार्डमा चार विधामा मनोनयनमा परेको नाटकले अभिनय, कोरियोग्राफी र सङ्गीतमा अवार्ड जितेको हो । जबर्जस्ती आफ्नो जन्मथलो छाड्न बाध्य भएका नेपाली भाषी भुटानीको अवस्था चित्रण गर्ने नाटक सुवेदीले चलचित्र बनाउने सिलसिलामा तयार गरेको जानकारी दिए । 'यसलाई मैले हाम्रो जितको रूपमा लिएको छु । यहाँ अब हामीलाई गर्ने विश्वास पक्कै बढ्ने छ', निर्देशक सुवेदीले भने, 'हाम्रो नाटक चाँडै नै मुम्बईको पृथ्वी थिएटर र एनीपीएमा मञ्चन हुने भएको छ ।'

भारतभर मञ्चन हुने नाटकमध्ये उत्कृष्ट नाटकका विभिन्न विधालाई प्रदान गरिने यो अवार्डमा 'दि डिपार्टेड डन' चार सय ९५ बाट छानिएर उत्कृष्ट दशमा परेको थियो । छानिएका नाटक यही चैत ११ देखि १७ गतेसम्म दिल्लीमा मञ्चन भएका थिए ।

नेपालको थिएटर भिलेज र भारतको अखोका थिएटरको सहकार्यमा तयार भएको नाटकले सन् २०१९ मा सेरेनपिडिटी आर्ट्स ग्रान्ट अवार्ड प्राप्त गरेको थियो । निर्देशक सुवेदीको लेखन तथा निर्देशन रहेको नाटक 'दि कन्फेसन' केही दिनअघि मात्र नयाँ दिल्लीको नेसनल स्कुल अफ ड्रामा (एनएसडी)को हलमा मञ्चन भएको थियो ।

# लाहुरे ठाडो भाका ल्याउँदै गायक खड्क गर्बुजा र ताराश्रीष

■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ वर्ष २०८० को अवसर पारेर लोकदोहोरी गायक खड्ग गर्बुजाले 'लाहुरेः ठाडो भाका' लिएर आउँदैछन् ।

लोकदोहोरी क्षेत्रमा कालिगण्डकीको सालैज्यू भाकालाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने जस पाएका गर्बुजालाई गायनमा ताराश्रीष मगरले साथ दिएकी छन् । शारीरिक अपाङ्गताका बाबजुद पनि दर्शकलाई आफ्नो स्वरले मुग्ध बनाउने क्षमता राख्ने गायक गर्बुजाको लाहुरेमा अभिनय गरेको छन्, अभिनेता राहुल केसी र केकी अधिकारीले ।

गर्बुजालाई सालैजो, सोरठी, यानिमाया ठाडो भाखा, कौरा, झ्याउरे, ख्यालीजस्ता लोकगीतलाई पुनर्जिवन दिएर युवा जमातमा लोकप्रिय बनाउने अग्रणी लोकगायक हुन् । गायक तथा संकलक गर्बुजाको पुराना गीतहरूलाई भिडियोमार्फत दर्शकमाझ ल्याउने खोजेको हुन्, राजु केसी र रक्षा बानिया केसीले ।

कोरियोग्राफर सुनिल क्षेत्रीको निर्देशनमा डान्सको स्टेप दिइरहेका केकी र राहुल नाचेको हेरेर गायक गर्बुजा मुस्कुराइरहेका थिए । गायक गर्बुजा र अभिनेता राहुलको गृह जिल्ला म्यादी हो । हाल अमेरिकालाई कर्मभूमि बनाउँदै आएको राहुलकाअनुसार गर्बुजाले गाएका पुराना गीतलाई पुर्नरेकर्ड तथा भिडियो बनाई गण्डकी क्षेत्रको लोकभाकालाई विश्वमा छरिएका नेपालीमा लैजाने बताउँछन् । निर्देशक निर्माता राजु केसीले नयाँ बर्षको अवसर पारेर गीत सार्वजनिक गर्ने लक्ष्य रहेको बताए ।




# बुद्ध थिएटर फेस्टिबलमा 'प्रतिविम्ब' र 'पट्टाचारा'

**काठमाडौं (प्रस)–** जमलस्थित राष्ट्रिय नाचघरमा केही दिनदेखि जारी 'बुद्ध थिएटर फेस्टिबल-२०२३' मा बुधवार दुई नाटक 'प्रतिविम्ब' र 'पट्टाचारा' मञ्चन भएको छ । तीमध्ये 'प्रतिविम्ब' निकिता गुरुङ निर्देशित नाटक हो ।

बाउ छोराबीचको प्रेम देखाइएको नटकमा छोरा गुम्बा बसेपछि उसमा आएको परिवर्तनको कथा देखाइएको छ । टेकविक्रम थापा, अनिषा न्यौपाने, रमेशबहादुर खडका, मनिष चौलागाई, नरहरि पराजुली, सलिना क्षेत्री, सुशीला थापा, पार्वती गिरी, चन्द्रकुमार सरु मगरले नाटकमा अभिनय गरेका थिए ।

त्यस्तै अर्को नाटक 'पट्टाचारा' गीता थापाले निर्देशन गरेकी हुन् ।



आफ्नै नोकरको माया प्रेममा परेकी एक सुन्दरी कन्याको प्रेम सङ्घर्ष र बुद्धलाई भेटेपछि ती युवतीमा आएको परिवर्तनको कथा प्रस्तुत गरिएको नाटकमा वीरेन्द्र हमालको लाईट डिजाइन, निर्देशक गीताको सेट डिजाइन, राजेन्द्र कट्टेल र रोशन चन्दको प्रकाश परिचालन र अर्जुन न्यौपानेको ध्वनी रहेको थियो ।

निशान खत्री क्षत्री, अञ्जली शाह, रमेश देवकोटा, रेखा कटुवाल श्रेष्ठ, सुशील दाहाल, खगेन्द्र बोहरा, पार्वती गिरी, मनिष चौलागाई, वीरेन्द्र बुढामगर, प्रदीप राई, विमला सापकोटा, श्रीकृष्ण शाही लगायतको अभिनय नाटकमा रहेको थियो ।

# बुलाकीको ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'बुलाकी' को ट्रेलर सार्वजनिक भएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमबीच ट्रेलर सार्वजनिक भएको हो । निःसन्तान भएपछि बुहार्तन खेप्न बाध्य महिला पात्र अर्कै पुरुषसँग विवाह गरेर हिँडेपछिको कथावस्तुमा फिल्म निर्माण भएको छ ।

ट्रेलर अनुसार पत्नी अर्कै पुरुषसँग हिँडेपछि जारसँग पतिले लिन खोजेको बदला र पत्नीले त्यसपछि लिने निर्णयमा ट्रेलर सकिएको छ । कार्यक्रममा बोल्दै अभिनेत्री सुरक्षा पन्तले जारीप्रथाको बारेमा फिल्म बनाइएको बताइन् । उनले अझैपनि यो प्रथा केही क्षेत्रहरुमा बाँकी रहेकाले हट्नु अनिवार्य भएको बताइन् ।

फिल्ममा अभिनेत्री पन्तसहित नरेन खड्का, बिराज बिष्ट, सरस्वती खत्री, प्रकाश कँडेल लक्ष्मी गिरी, सुशील पोखरेल, रमेश बुढाथोकी लगायतको अभिनय छ । लक्ष्मण सुनार निर्देशन र टोपेन्द्र बिष्टले निर्माण गरेको फिल्म कर्णालीको परिवेश र भूगोलमा छायांकन गरिएको छ ।




